अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ७ मितिः २०७९/०६/३१

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको बाल क्लब/संजाल गठन तथा संचालन निर्देशिका,२०७९ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# बाल क्लब/संजाल गठन तथा संचालन निर्देशिका

# २०७९

## अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यलय, भच्चेक

## गोरखा

## प्रस्तावना

नेपालको संविधानले बालअधिकार सम्बन्धी गरेको मौलिकहक सम्बन्धी व्यवस्था, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को अवधारणा, नेपालको पन्ध्रौ योजना, बालबालिका सम्बन्धी ऐन, २०७५ मा रहेका प्रावधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालअधिकार सम्बन्धी समग्र पक्षको प्रवद्र्धन गर्न बालमैत्र स्थानीय शासन कार्यान्वयनका लागि बालअधिकारको अभ्यास र सम्मान गर्न लोकतान्त्रिक बालमैत्री पद्धतिको प्रवद्र्धन र सुशासनको पूर्वाधार तयारीका लागि बालक्लब तथा बालक्लब सञ्जालको गठन, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक भएकोले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १०, र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरि अजिरकोट गाउँपालिकाले देहायको कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद १- प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यो निर्देशिकाको नाम बालक्लब/ सञ्जाल गठन तथा सहजिकरण निर्देशिका,२०७९ रहेको छ ।

ख) यो निर्देशिका गाउँकार्यपालिका बाट पारित भई राजपत्रमा सूचना प्रकाशन भएपछि लागु हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकाम........

क) गाउँपालिकाः गाउँपालिका भन्नाले अजिरकोट गाउँपलिका र यस अन्तर्गत रहने वषा कार्यलय समेतलाई जनाउने छ।

ख) सेवा प्रदायक कार्यालयः नेपाल सरकार , प्रदेश सरकार तथा स्थानिय तह अन्तर्गत सेवा प्रवाह गरिरहेका कार्यलय,स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकी, गैर सरकारी सामाजिक संधसंस्था तथा यस्ता अन्य निकायहरुलाई जनाउ छ।

ग) "बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) "बालक्लब" भन्नाले ८ देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु संगठित भई बालअधिकारको संरक्षरण र सम्बर्धनका लागि विद्यालय र समुदाय स्तरमा गठन भई अजिरकोट गाउँपालिकामा दर्ता भएका बालबालिकाहरुको गैर राजनैतिक संस्था (बालक्लब, श्रमिक बालक्लब, बालसमूह, बालमञ्च, बालसदनआदि) लाई सम्झनु पर्दछ ।

ङ) बाल संजाल भन्नाले यस निर्देशिका बमोजिम टोल विकास संस्था, विद्यालय र समुदायस्तरमा गठन भएका बाल क्लवहरुको प्रतिनिधीत्व हुने गरि वडा स्तरमा गठन भएको बाल संजाललाई जनाउन छ। बाल संजाल वडा स्तर र गाउँपालिकास्तरमा गठन भएको हुनेछ।

च) सहयोगी संस्थाः भन्नाले अजिरकोट गाउँपालिका भित्र बाल संजाल सञ्चालन मा सहयोह गर्ने तथा बाल सहभागिताका बिभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेका अनुमति प्राप्त दर्ता भएका गैरसरकारी सामाजिक संघ संस्थालाई बुझाउछ।

छ) संरक्षक शिक्षकः भन्नाले विद्यालय तहमा गठन भएका बालक्लवलाई सहयोग तथा सहजिकरण गर्न तोकिएको शिक्षकलाई बुझिन्छ।

ज) बालमैत्री सहजकर्ताः भन्नाले बाल क्लव गठन , संचाल, परिचालन तथा सहजिकरणला लागि सम्बन्धित टोल विकास संस्थाबाट तिकोएको व्यक्तिलाई जनाउनेछ। साथै वडास्तरीय वाल संजाल गठन, परिचालन तथा सहजिकरण र बालबालिकाको सर्वात्तम हितका लागि कार्य गर्न सम्बन्धित वडा समितिले जिम्मेवारी तोकेको प्रतिनिधिलाई जनाउनेछ।

## ३. निर्देशिकाको उदेश्यः

यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ।

क) बालबालिकाको सङ्गठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्ने।

ख) बालक्लब/संजालको गठन, संञ्चालन तथा सहभागितालाई अर्थपुर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावशी बनाउने,

ग) बालमैत्री स्थानिय शासन कार्यान्वयन निर्देशीका, २०७८ को प्रभावकारी कार्यान्वयनमा टेवा पुराउने।

घ) गाउँपालोकाको विकासका हरेक प्रकृयामा सार्थक रुपमा बाल प्रतिनिधित्व गराउदै बालमैत्री पुर्वधार निर्माण र विकासमा टेवा पुराउने।

## ४. निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ,

क) बाल क्लव,बालक्लव संजाल गठन तथा सहजिकरणका लागि यस निदेशिका बमोजिम कार्यान्वयन गर्नु गराउनु गाउँपालिको दायित्व हुनेछ।

ख) बाल सहभागिता तथा बाल सहजिकरणमा क्रियाशील राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्था तथा विकासका साझेदारहरुले यस निर्देशिकाको अवलम्बन गर्नु जिम्मेवारी हुनेछ।

## परिच्छेद २ः

## बाल क्लव तथा बाल संजाल सम्बन्धी व्यवस्था

२.१ बालक्लव/संजालको परिभाषाः

सामान्यतया ८ वर्ष देखि १८ वर्ष सम्मका बालबालिका सजिलै भेला हुने र एक आपसमा समावेशी रुपमा सङ्गठित भै आफ्नो विचार र भावना साटासाट गरी आफ्नो तथा आफू सरहका दैतरी(साथी) को हक, अधिकार तथा सहभागिताको प्रवर्द्दन गर्ने साझा उद्देश्यका साथ स्थानियस्तरमा स्थापना भएका वा कार्यरत समुहलाई नै बालक्लबको रुपमा चिनाइएको छ। बालबालिकाले आफ्नो र समाजको साझा उद्देश्य प्राप्तिका लागि सहभागितामुलक ढङ्गले सक्रिय रुपमा अग्रसर गराउन बालक्लन, बाल संजाल गठन तथा परिचालन गर्ने नीति लिईएको छ। यसलाई एक स्वतन्त्र तथा सृजनात्मक प्रकृयाको प्रयोगमा बढी जोड दिईएको छ।

अधिकारमुखी अवधारणको शुरुवात र लोकतान्त्रिक मुल्य मान्यताको अवलम्बन तथा सुशासनको आधार स्तम्भका रुपमा बालक्लव, बाल संजाललाई लिइएको छ। बालबालिकासंग सम्बन्धित नीति, निर्णय, विधि, प्रकृया तथा विचारको अभिव्यक्तिको स्वतन्त्र रुपमा उपयोग गर्न पाउने र अरुको विचारको सुनेर वहसमा भाग लिने अवसर तथा समाज विकासको लागि लोकतान्त्रिक अभ्यासका रुपमा यसलाई हेरिएको छ। जसले बालबालिकाको अन्ततनिहित क्षामतालाई प्रोत्साहित र अभिप्रेरित गर्दै सिर्जनशील बनाउन सहयोग पुराउनेछ।

२.२ बालक्लब/संजाल गठनको उद्देश्यः

क) गाउँपालिका स्तरमा बालअधिकारको संरक्षण, सम्बर्द्दन र व्यवहारीक कार्यान्वयनका लागि संङ्गठित भई सचेतना अभिवृद्दि गर्ने।

ख) बालबालिकासँग सरोकार राख्ने विषयमा नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न संगठित पहल गर्ने।

ग) बालबालिकाको व्यक्तित्व विकास र सिर्जनात्मक क्षमता अभिवृद्दिका लागि बाल सहभागिताको प्रवर्द्दन गर्ने।

घ) बालबालिकासँग सरोकार राख्ने विषयहरूको सूचना एकीकृत र अध्यावधिक गर्ने।

ङ) बालअधिकारसँग सम्बन्धित समस्याहरूको पहिचान गरी समाधानको उपायहरू खोजी गर्ने ।

च) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न बालबालिकाको अर्थपूर्ण सहभागिता जनाउन।

छ) बालश्रम निषेधका लागि दबावमूलक कार्य सञ्चालन गर्ने।

ज) समुदायमा रहेका बिकृति र बिसंगति हटाउन जनचेतनामूलक कार्यहरु सञ्चालन गर्ने

## २.३ बाल क्लवका किसिम र गठन सम्बन्धी व्यवस्थाः

क) समुदायमा आधारित बाल क्लवः

बाल क्लव सामान्य अबस्थामा पच्चिस जना वा सो भन्दा बढी बालबालिका भेला भई टोल विकास संस्था अन्तर्गत बालाबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समुहलाई नै समुदायमा आधारित बालक्लब मानिन्छ। समुदायमा आधारित बालक्लवको गठन गर्दा देहायका बुदाँहरुलाई समेटिएको हुनेछ।

- समुदायमा आधारित बालक्लव निश्चित भुगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बालक्लवहरु बुझाउने छ।
- बालक्लवहरु कुनै टोल, वस्ती वा वडा भित्रका कुनै स्थानमा गठन गर्न सकिनेछ।
- बालक्लवले सम्बन्धित भुगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, धर्म, आर्थिक हैसियत तथा अपाङ्गता भएका बालाबालिकालाई समेट्ने र उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

- बालक्लवमा उक्त क्षेत्र भित्र सामान्यतया छ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन्। जसमा देहाय बमोजिमका पदाधिकारिहरु राहनेछन्,।

| | |
|---|---|
| क) अध्यक्ष | :१ जना |
| ख) उपाध्यक्ष | :१ जना |
| ग) सचिव | :१ जना |
| घ) सहसचिव | :१ जना |
| ङ) कोषाध्यक्ष | :१ जना |
| च) सदस्य | : ४ देखि ६ जना |
| छ) सल्लाकार समिति | : ३ सदस्यीय बनाउन सकिने छ। |
| ज) सहजकर्ता | : १ जना |

ख) विद्यलायमा आधारित बाल क्लवः

गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवर्द्न गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लव भनिन्छ। उक्त बालक्लव गठन गर्दा देहायका बुदाँहरुलाई समेट्नु पर्नेछ।

- सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिङ्ग, धर्म र आर्थिक अवस्था कमजोर भएका, अपाङ्गता भएका बालाबलिकाहरुको उचित प्रतिनिधीत्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ।
- बाल क्लवमा सदस्य बन्ने बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनुपर्नेछ।
- एक विद्यालय एक बालक्लव रहने छ।विभिन्न उमेर र विषयगत बालक्लव सोही बाल क्लव अन्तर्गत उपसमुहका रुपमा क्रियाशिल हुन सक्नेछन्।
- विद्यालयमा बालक्लव गठन गर्दा उमेर समुहको प्रतिनिधीत्व गराउन पर्ने छ।

ग) विषयगत बालक्लव

विषयगत रुपमा निश्चित विषयहरु जस्तै बालबालिकाको मात्र सवाल, बाल विबाह, स्वास्थ्य तथा सरसफाई, वातावरण संरक्षण, जलबायु परिवर्तन, बालश्रम, जस्ता विषयहरुमा कार्य गर्न समुदायमा विशिष्ट ढङ्गले विषयगत वालक्लव गठन गर्न सकिने छ। उक्त विषयगत वालक्लव गठन गर्दा देहायका बुदाँलाई ध्यान दिनुपर्ने छ।

- समुदायमा लिकेर रहेका वा समुदायमा पर्याप्त मात्रामा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका बाल क्लवलाई विषयगत बालक्लव मानिने छ।
- विद्यालय भित्र यस्ता किसिमका बालक्लव गठन भएमा उक्त समुहलाई विद्यालयस्तरीय बालक्लवकै उसमुह मानिने छ।
- अन्तराष्ट्रिय रुपमा नै स्थापित अभियान तथा संगठनहरु, नेपाल सरकार , प्रदेश सरकार र स्थानिय तहका विशिष्टिकृत निकायले विशेष प्रकृतिका संस्थागत वालक्लव गठन गर्न सक्नेछन्।

घ) वडा स्तरीयबाल संजालको गठनः

वडा भित्रका विद्यालय,टोलविकास संस्था तथा समुदाय तहमा गठन भएका बालवालिकालाई वडा स्तरमा एकिकृत गरी एक वडास्तरीय बालक्लब गठन गर्न सकिने छ। उक्त वडास्तरीय बालसंजाल गठन गर्दा देहायका प्रकृया अबलम्बन गरिनेछ।

- वडा भित्र रहेका बालक्लवहरुको प्रतिनिधित्व हुने गरि वडास्तरिय बाल संजाल गठन गरिने छ।
- वडास्तरीय बालसंजाल गठन गर्दा वडास्तरमा रहेका, समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लवहरुका प्रतिनिधीहरुलाई सम्मिलित गराईने छ।

- बाल संजालले सम्बन्धित भूगोल भित्रका सबै समरे, लिङ्ग, जाति, धर्म, आर्थिक हैसियत तथा अपाङ्गता भएका बालाबालिकालाई समेट्ने र उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।
- वडामा रहेका सबै टोल एवं बिद्यालयस्तरीय बाल क्लवहरुको एक जना बालिका सहित दुई जना बालबालिकाको प्रतिनिधित्व हुने गरि भेलाको आयोजनाबाट वडास्तरीय बाल संजालको गठन गरिने छ। जसमा देहाय बमोजिमका पदाधिकारिहरु राहनेछन्,।

| | |
|---|---|
| झ) अध्यक्ष | :१ जना |
| ञ) उपाध्यक्ष | :१ जना |
| ट) सचिव | :१ जना |
| ठ) सहसचिव | :१ जना |
| ड) कोषाध्यक्ष | :१ जना |
| ढ) सदस्य | : ४ देखि ६ जना |

ण) सल्लाकार समिति : पुर्व बालक्लव,संचालको तर्फबाट एक जना, टोलविकास संस्था,वडा समितिले लोकेको एक एक जना सहित ३ जना।

त) बालमैत्री सहजकर्ता : १ जना (वडा समितिले तोकेको)

ङ) गाउँपालिकास्तरीय बाल संजालः

- वडा स्तरमा सूचिकृत भएका बाल क्लब संजाल एक आपसमा भेला भई बिभिन्न अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई एकत्रित गर्न नगरस्तरीय वालक्लव संचालन गठन गर्न सकिने छ।
- नगर बाल संजालले सम्बन्धित भूगोल भित्रका सबै समरे, लिङ्ग, जाति, धर्म, आर्थिक हैसियत तथा अपाङ्गता भएका बालाबालिकालाई समेट्ने  र उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।
- बालक्लव संजाल जतिसुकै उमेर समुहका बालबालिका रहेता पनि १२ देखि १८ बर्ष उमेर समुहले नेतृत्व गरेका हुनेछन्।

- गाउँपालिकाका ५ वटै वडाहरुमा रहेका बालसंजालबाट एक जना बालिका सहित दुई जना बालबालिका सहित सबै वडाका वडास्तरीय बालसञ्जालको प्रतिनिधित्व हुने गरी बाल भेलाको आयोजना गरी गाउँपालिकामा एक गाउँपालिका स्तरीय बाल संञ्जालको गठन गरिने छ। जसमा देहाय बमोजिमका पदाधिकारिहरु राहनेछन्,।

थ) अध्यक्ष :१ जना

द) उपाध्यक्ष :१ जना

ध) सचिव :१ जना

न) सहसचिव :१ जना

ऩ) कोषाध्यक्ष :१ जना

प) सदस्य : १०जना वडागत सदस्यहरु( समावेशी आधारमा)

फ)सल्लाकार : ३ जना

ब) सहजकर्ता : सम्बन्धित शाखा

गाउँपालिका स्तरीय बालसंजालको बैठक गणपुरक संख्या ५१ प्रतिशत पुगेको हुनुपर्नेछ। गाउँपालिका स्तरीय बालसंजालको कार्यवधी दुई वर्षको रहने छ। कार्यबधि समाप्त हुनु अगावै गाउँपालिका स्तरीय भेलाबाट पुनः पुनरगठन गर्ने व्यवस्था मिलाईने छ।

२.४ उपसमितिको व्यवस्थाः

बालक्लबले कार्यसमितिका सदस्यहरुमध्ये कुनै एकजनाको संयोजकत्वमा आवश्यकत हेरी निश्चित समयका लागि बढीमा सात सदस्यीय उपसमिति गठन गर्न सक्नेछ । यस्तो उप–समितिले कार्यसमितिले तोकेको विषय वा क्षेत्रसँग सम्बन्धित काम सम्पन्न गर्नेछ । आवश्यक जानकारीका लागि केही उपसमितिहरुको कार्य निम्नानुसार उल्लेख गरिएको छ।

क . भित्तेपत्रिका उप–समिति

- मासिक रुपमा भित्ते पत्रिकाप्रकाशन गर्नु,
- भित्त पात्रिका प्रकाशनका लागि आवश्यक सामग्रीहरू सुरक्षित राख्नु
- बालबालिकाका रचनाहरू पत्रिकामा क्रमशःप्रकाशित गर्दै जानु
- अन्य सहयोगी साथीहरू खोजी भित्तेपत्रिका तयारी सम्बन्धी सीप सिकाउनु
- भित्तेपत्रिकाका उत्कृष्ट लेख रचनाहरूलाई अन्यपत्रपत्रिकामा पठाउनु

ख सरसफाइ उपसमितिः

- आफ्नो कार्यक्षेत्रभित्र सरसफाइ अभियान सञ्चालन गर्नु,
- बस्ती, वडा तथा गाउँपालिकालाई खुला फोहर मुक्त बनाउने अभियानमा सहयोग गर्नु,
- विद्यालय वा समुदायमा सरसफाइ सम्बन्धीकार्यक्रम सञ्चालन गर्नु,

ग ) शिक्षा उप–समितिः

- भय रहित सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु,
- विद्यालयको नियमित क्रियाकलाप सञ्चानमा सहयोग पु¥याउनु,
- विद्यालय भर्ना अभियान सञ्चालन गर्नु,
- विद्यालय जाने उमेर पुगेका बालबालिका लाई विद्यालयमा भर्ना गराउनु

घ . खेलकुद उप–समितिः

- खेलकुदका सामग्रीहरू सुरक्षित रुपले राख्नु
- साप्ताहिक रुपले खेलकुद सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्नु

ङ. अतिरीक्त क्रियाकलाप उप–समिति

- बालक्लबले वर्ष भरिमा सन्चालन गर्ने वार्षीक योजना तयार गर्नु
- हाजिरी जवाफ, निबन्ध, कविता, गित, वक्तृत्वकला, सडक, नाटक आदिको आयोजनागरि सन्चालन गर्नु
- विद्यालय तथा समुदायमा गुनासो सुनुवाईको लागि गुनासो पेटिको व्यवस्था गर्न लगाई गुनासो सम्बोधन संरचना बनाउन पहल गर्नु

**२.५ सदस्यता सम्बन्धीव्यवस्था**

२.५.१ सदस्यता लिनुपर्ने व्यवस्था

क)कुनै पनि बालक्लबमा आबद्ध रहने बालबालिकाले बालक्लबको सदस्यता अनिवार्य लिनुपर्ने।

ख)विद्यालयका बालबालिकाले सम्बन्धित विद्यालयमा बनेको बालक्लब र समुदायमा रहेका आफ्नो टोलमा गठन भएको समुदाय स्तरक बालक्लबको सदस्यतालिनु पर्नेछ ।

ग) बालक्लबको सदस्य बन्न योग्यता पुगेका बालबालिकाले बालक्लबको सदस्य बन्न चाहेमा प्रत्येकले तोकिएअनुसारको ढाँचामा निवेदनदिई सदस्यता वा सदस्यता नवीकरण गर्न सक्नेछन् ।

२.५.२.सदस्यताको लागि आवश्यक योग्यताः

क) बालबालिकाको उमेर ७ वर्ष पूरा भई १८ वर्ष ननाघेको ।

ख) जन्मदर्ता भएको,

ग) बाबु वा आमा वा दुबै नेपाली नागरिक भएको,

घ) समान प्रकृतिको अर्को बालक्लबमा आबद्ध नभएको ।

ङ) बालक्लबको सदस्यता लिई नियमित रुपमा नवीकरण गराएको वा गराउने गरेको ।

च) बालक्लबको आचारसंहिता पालन गर्न योग्य भएको वा सहमत भएको ।

नोटः अन्यत्र जेसुकै लेखिएको भएता पनि विद्यालय स्तरको बालक्लबमा आबद्ध भएका बालबालिका ले समुदाय तहमा गठन भएको कुनै एउटा बालक्लबको मात्र सदस्य बन्न पाउनेछन् तर कुनै एउटा समुदाय तहमा बनेको बालक्लबको सदस्यले अर्को समुदाय तहको बालक्लबको र कुनै एउटा विद्यालयतहको बालक्लबको सदस्यले अर्को विद्यालय तह बालक्लबको सदस्य बन्न सक्नेछैन । बालबालिकाको उमेर १८ पुगेपछि बालक्लबको सदस्यता स्वतः समाप्त हुनेछ ।

२.५.३.सदस्यता लिने तथा पाउने प्रक्रियाः

क) बालक वा बालिकाले बालक्लबको सदस्य हुन चाहेमा सम्बन्धित क्षेत्रको बालक्लब सँग तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ ।

ख) बालक्लब कार्यसमितिले छानबिन पश्चात सम्बन्धित बालक्लबको सदस्य हुनका लागि अनुमति प्रदान गर्न सक्नेछ ।

२.५.४.सदस्यताको अवधिः

बालक्लक सदस्यताको अवधि एक बर्षको हुनेछ र प्रत्येक व्र्ष सदस्यता गर्नुपर्नेछ ।

२.५.५.सदस्यता खारेजी र बचाउः

क) बालबालिकाको उमेर १८ बर्ष पुगेपछि बालक्लबको सदस्यबाट स्वत हट्नेछ ।

ख) बालक्बल सदस्यको आचार संहिता विपरित गतिविधिमा संलग्नभएको प्रमाणित भएको सदस्यको सदस्यता खारेज हुनेछ ।

ग) एकभन्दा बढी बालक्लबको सदस्यता लिएको अवस्थामा कुनै एक क्लबबाहेक अन्य बालक्लबको सदस्यता रद्द हुनेछ ।

घ) कुनै पनि बालबालिकाको सदस्यता रद्द वा खारेज गर्नु अगाडि सम्बन्धित बालबालिकालाई सफाईको मौका प्रदान गर्नुपर्नेछ । आफ्नो सदस्यता हुने निर्णय वा प्रक्रियामा चित्त नबुझेमा

त्यसको बचाउका लागि आफू आबद्ध भएको बालक्लब भन्दा माथिल्लो बालक्लब सञ्जालमा निवेदन दिन सकिनेछ् माथिल्लो बालक्लब वा बालक्लब सञ्जालको निर्णय अन्तिम हुनेछ ।

## २.६. बालभेला तथा परिषद् बोलाउने व्यवस्थाः

क) बालक्लबले निर्णय गरी निश्चित मिति, स्थान र समयमा बालक्लब का सदस्यहरुको भेला वा परिषद् बोलाउने छ ।

ख) यसरी बोलाउने भेला वा परिषद्को जानकारी कम्तीमा १५ दिन अगावै सबै सदस्यहरुले थाहा पाउने गरी सुचना दिनुपर्नेछ । र भेला सार्वजनिक बिदाको दिन आयोजना गर्न पर्ने छ।

ग) टोल भेलामा वडा बालक्लब सञ्जालका प्रतिनिधिको तथा वडा भेलावा परिषदमा गाउँपालिका बालसञ्जालका प्रतिनिधिहरुको उपस्थिति अनिवार्य हुनेछ

नोटः वडा तथा गाउँ बालक्लब सञ्जाल नबनेसम्म बालभेलामा बालक्लब सञ्जालका प्रतिनिधिहरुको उपस्थिति अनिवार्य मानिने छैन ।

## २.७. बालक्लबको कार्यकालः

निर्वाचित बालक्लबको कार्यकाल दुई वर्षको रहनेछ, यदि कार्यकाल पुरा नहुँदा निस्क्रिय भएमा माथिल्लो बालक्लब सञ्जालको अनुमतिमा बाँकी अवधिका लागि उक्त बालक्लबका सदस्यहरु मध्येबाट पदपूर्ति गर्न वा पुनगर्ठन गर्न सकिने छ ।

नोटः प्राविधिक कारणले तोकिएको समयावधि भित्र निर्वाचन हुन नसकेमा मनासिव कारण सहित बालक्लब कार्य समितिको दुई तिहाई मतले बढीमा एकपटकका लागि ६ महिनाको लागि कायआवधि बढाउन सक्नेछ । तर यस्तो अवधि बढाउने माथिल्लो सञ्जालको अनुमति लिन अनिवार्य छ ।

## २.८. निर्वाचन सम्बन्धी व्यवस्थाः

### २.८.१.पदाधिकारीको संख्या र तह :

- बालक्लब गठन गर्दा हरेक तहको बालक्लबको कार्यसमिति र हरेक उपसमितिमा कम्तीमा ४० प्रतिशत बालिका रहनु पर्नेछ ।

- दलित, अपाङ्गता भएका, विपन्न, सडक तथाश्रमिकतथा कठिन परिस्थितिमा रहेका बालबालिका भएमा उनिहरुको अनिवार्य प्रतिनिधित्वको व्यवस्था मिलाउनु पर्नेछ ।

गाउँपालिकाका वडा अन्तर्गत गठन हुन विभिन्न बालक्लब हरुको गठन निम्नानुसार हुनेछ ।

- ७ वर्ष पुरा भई १८ वर्ष ननाघेका बालबालिकाको सहभागितामा टोलमा स्थाई वा अस्थाई बसोबास भएका कम्तीमा २० जना बालबालिकाहरुको सहभागितामा बालक्लब गठन गरिने छ ।
- बालक्लबको कार्यसमितिमा कम्तीमा ४० प्रतिशत बालिका पर्ने गरी अध्यक्ष १, उपाध्यक्ष २, सचिव १, सहसचिव २ र सदस्यहरु ५ जना गरी जम्मा ११ सदस्य रहेको टोल वा समुदाय स्तरीय बालक्लब गठन गर्न सकिने छ ।
- विद्यालयको बालक्लबमा संगठित कार्यसमितिका सदस्यहरुले टोल बालक्लबको कार्यसमिति सदस्य हुन पाउने छैन ।
- विद्यालयस्तरीय बालक्लब गठन गर्दा ५कक्षा देखि १० कक्षा सम्मका बालबालिकाहरु लाई मात्र समेटिने छ ।
- विद्यालयस्तरीय वालक्लब १५ देखि २५ सदस्ययीय बनाइने छ ।

<u>२.८.२.मताधिकार प्रयोग गर्न तथा उम्मेदवार हुनका लागि आवश्यक योग्यता:</u>

क) बालक्लबको सदस्यता लिई नियमित नवीकरण गराएको ।
ख) बालक्लबको आचार संहिता पालन गर्न योग्य भएको वा सहमत भएको ।
ग) समुदाय स्तरको कुनै एउटा बालक्लबमा मात्र आबद्ध भएको वा सदस्यतालिने मिति सम्म कुनै पनि बालक्लबमा आबद्ध नभएको ।

<u>२.८.३. निर्वाचन प्रकृिया:</u>

क) सम्बन्धित बालक्लबले निर्वाचनका लागि तीन सदस्यीय एक निर्वाचन समितिको गठन गर्ने ।
ख) निर्वाचन समितिले निर्वाचनका लागि आवस्यक सम्पूर्ण प्रक्रिया र पद्धतिको व्यवस्था मिलाई निश्चित समयभित्र निर्वाचनको कार्य सम्पन्न गर्नेछ ।

ग) निर्वाचन कार्य सम्पन्न गरी शपथ ग्रहणको कार्य पूरा भएपछि निर्वाचन समितिको कार्यावधि स्वतः समासहुनेछ ।

प्रक्रियाः

- सर्वसम्मतिले पदाधिकारी चयन गर्ने ।
- सर्वसम्मतिले निर्वाचित वा चयन हुन नसकेमा गोप्य मतदानको माध्ययमबाट बहुमत सदस्यले छानेको ब्यक्ति पदाधिकारी निर्वाचित हुनेछ । यसरी निर्वाचन प्रक्रिया अपनाउदा समेत तोकिए बमोजिमका बालक वा बालिकाको संख्या मिलाउनु पर्नेछ ।

जुनसुकै विधि अपनाउदा पनि एक कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव भई काम गरेका बालक वा बालिकाले सम्बन्धीत पदमा पूनःउम्मेदार हुन पाउने छैन ।

२.८.४.शपथको व्यवस्थाः

निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई अनुसुचि ७ बमोजिम शपथ ग्रहण गराईनेछ ।

**२.९.बालक्लब दर्ता सम्बन्धी व्यवस्थाः**

समुदायमा आधारित बालक्लब तथा विद्यालयमा आधारित बालक्लबहरु सम्बन्धित टोल संगठन र सम्बन्धित विद्यालयको सिफारिसमा वडा कार्यालयमा दर्ता भए पछि मात्र बालक्लब सञ्जालमा आबद्ध हुन योग्य मानिनेछन् । श्रमिक, अपाङ्गता भएका आदि बालबालिकाहरुले विशेष किसिमको छुट्टै बालक्लब बनाएको अवस्थामा पनि सोहीअनुसार आबद्ध हुन पर्नेछ ।

दर्ता हुने प्रक्रियाः

निवेदन दिनुपर्ने व्यवस्थाः

बालक्लब दर्ता गर्नका लागि नवगठित बालक्लबले बैठक बसी वडा कार्यालयमा दर्ता गर्नका लागि औपचारिक निर्णय गर्नुपर्नेछ । त्यसपछि दर्ता गरिपाउँ भनि निवेदन फारम भरी बालक्लवको विधान, बालक्लब दर्ता गर्ने निर्णय, कार्य समितिको विवरण, कार्य समिति सदस्यको जन्मदर्ता प्रतिलिपि, विद्यालय स्तरीय क्लब भए विद्यालयको निबेदन सहितको आवेदन वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

दर्ता गर्ने तथा प्रमाण पत्र सम्बन्धी व्यवस्थाः

क) सम्बन्धित निवेदन माथि दर्ता गर्ने निकायले अध्ययन गरिसकेपछि एक विद्यालय एक बालक्लब, एक टोल एक बालक्लब, एक वडामा एक वडा बालक्लब सञ्जाल तथा गाउँपालिकास्तरीय बालक्लब सञ्जालको आधारमा बालक्लबलाई दर्ता गर्न सक्नेछ ।

ख) दर्ता भएका बालक्लबलाई वडाले र सञ्जाललाई गाउँपालिकाले दर्ता गरी सोको प्रमाणपत्र उपलब्ध गराउने छ ।

बालक्लब नवीकरण सम्बन्धी व्यवस्था :

सबै बालक्लबहरुले प्रत्येक आर्थिक वर्ष शुरु भएको दुई महिनाभित्र गाउँपालिकामा बालक्लब नवीकरण गरिसक्नु पर्नेछ । यसका लागि बालक्लबले नवीकरणका लागि आवेदनका साथ उक्त बालक्लबले गरेको वार्षिक कार्य प्रगतिप्रतिवेदन र आर्थिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## २.१०.बालक्लब सञ्जाल

### २.१०.१ वडा बालक्लब सञ्जाल

- वडा स्तरमा रहेका समुदाय स्तरीय र विद्यालय स्तरीय बालक्लबहरुको सहभागितामा सम्बन्धित वडामा बनेको सञ्जाललाई वडा बालक्लब सञ्जाल भनिनेछ ।
- वडामा दुईभन्दा बढी बालक्लब रहेको अवस्थामा वडा बालक्लब सञ्जाल गठन गर्न सकिनेछ, उक्त वडाको क्षेत्रभित्र संचालित विद्यालयमा बनेका वा समुदाय (टोल) मा बनेका बालक्लबहरु यसका सदस्य बालक्लबहरु हुनेछन् । बालबालिकाको बसोबास जुनसुकै वडामा भएको भएता पनि विद्यालय रहेको वडाकै बालक्लबमा आबद्ध भएको हकमा सोही वडाको सञ्जालमा आबद्ध गर्न सकिनेछ ।
- यस्ता समुदाय र विद्यालयस्तरका बालक्लबहरुको वडा स्तरीय भेलाबाट गठन हुने सो सञ्जालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव २ र बाँकी कार्यसमिति सदस्य रहने गरी जम्मा ९ देखि ११ जना सम्मको कार्यसमिति रहन सक्नेछ ।
- वडा बाल सञ्जालहरु गाउँपालिकामा दर्ता हुने छन ।

२.१०.२.गाउँपालिकास्तरीय बालक्लब सञ्जाल

वडाहरुमा बनेका बालक्लबहरुको प्रतिनिधिमूलक सञ्जाललाई गाउँपालिका स्तरीय बालक्लब सञ्जाल भनिनेछ । यो सञ्जाल पालिकामा रहेका सबै बालक्लबहरुको छाता संगठनको रुपमा रहनेछ । यसका पदाधिकारीहरु भने वडा बालक्लब सञ्जालबाट चुनिएर आएका प्रतिनिधिहरुबाट चुनिनेछन् ।

**२.११ बालक्लब सञ्जाल गठन सम्बन्धी व्यवस्थाः**

२.११.१ बालक्लब सञ्जाल गठनः

क)सबै तहका बालक्लब सञ्जालको गठन तथा पूनर्गठन बालक्लब गठनका लागि तोकिएको निर्वाचन प्रक्रिया अनुरुपनै गर्नुपर्ने छ ।

ख) हरेक तहको बालक्लब सञ्जालको कार्यसमिति र उपसमितिमा कम्तीमा ४० प्रतिशत बालिका रहनुपर्नेछ ।

ग) सबभन्दा पहिले बालक्लब सञ्जालका लागि आवश्यक प्रतिनिधिहरुको छनौट गर्नुपर्नेछ र जम्मा सहभागीहरुबाट बालक र बालिकाको समावेशी एवम् समानुपातिक प्रतिनिधित्व गराउनु पर्दछ । जसमादलित, अपाङ्गता भएका, विपन्न, सडक, श्रमिक तथा विभिन्न खाले कठिन परिस्थितिमा रहेका बालबालिका भएमा उनीहरुको अनिवार्य प्रतिनिधित्वको व्यवस्थामिलाउनु पर्नेछ । यसरी समावेशी र समानुपातिक प्रतिनिधित्व गराउने क्रममा छुटेका विशेष क्षेत्रक बालबालिका मध्यबाट बालक्लब सञ्जालका हरेक तहको कार्यसमितिमा तहको आधारमा बढीमा ३ जना सम्म मनोनित गर्न सकिनेछ।

२.११.२ बालक्लब सञ्जालको कार्यकालः

क) हरेक तहका बालक्लब सञ्जालको कार्यसमितिले समय सिमा भित्रै विधानको प्रक्रिया पुरा गरी पुनर्गठनको (निर्वाचन) प्रक्रिया अगाडि बढाउनु पर्दछ र गाउँ कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्नुपर्दछ । तर निर्धारित समयमा कार्यसमिति पूनर्गठन गर्न नसके त्यो कार्यसमितिले एक पटक मात्र बढीमा ६ महिनाका लागि थप म्याद लिन सक्नेछ । तर यस्तो समयावधिथप गर्नका लागि माथिल्लो कमिटि वा सञ्जालको अनुमति लिनुपर्नेछ ।

२.११.३ बालक्लब सञ्जाल सल्लाहकार समितिः

बालक्लब सञ्जालका पूर्व पदाधिकारीहरु तथा सदस्यहरु वा बालक्लबको हित चाहने र बालक्लब सम्बन्धी ज्ञान भएका वयस्कहरु रहेको बढीमा पाँच सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिने छ । सल्लाहकार समितिले बालक्लब तथा बालक्लब सञ्जालले सल्लाह मागेको खण्डमा वा आवस्यकता भएको खण्डमा बालक्लब तथा बालक्लब सञ्जाललाई सुझाव वा सल्लाह दिन सक्नेछ ।

## २.१२ बालभेला तथा परिषद् सम्बन्धी व्यवस्थाः

२.१२.१ वडा बालभेला तथा परिषदः

वडा बाल परिषद्मा प्रत्येक टोल स्तरीय बालक्लब, विद्यालय स्तरीय बालक्लब र श्रमिक बालक्लबका निर्धारित संख्यामा प्रतिनिधिहरुको सहभागिता रहनेछ ।

२.१२.२ वडा भेला तथा परिषदका लागि प्रतिनिधिहरु छनौट सम्बन्धी व्यवस्थाः

प्रत्येक टोल स्तरीय बालक्लब, विद्यालय स्तरीय बालक्लब र विशेष बालक्लबले वडा भेलावा वडा परिषद्का लागि निम्नानुसार प्रतिनिधिहरु छनौट गर्नुपर्नेछः

क) प्रत्येक टोलस्तरीय बालक्लबकार्यसमितिबाट १ बालक र १ बालिका गरी २ जना

ख) प्रत्येकविद्यालय स्तरीय बालक्लबकार्यसमितिबाट कम्तिमा १ जनाबालक र १ जनाबालिका सहितजम्मा ३ जना

ग) प्रत्येक वडा श्रमिक बालक्लब (यदिभएमा) कार्यसमितिबाट कम्तिमा १ जनाबालक र १ जनाबालिका सहितजम्मा ३ जना

घ) उपरोक्त प्रतिनिधिहरुको सहभागितामा वडा बालभेलावा वडा परिषद भई वडा स्तरीय बालक्लब सञ्जाल गठन हुनेछ ।

## २.१३.वडा बालक्लब सञ्जाल गठन सम्बन्धी व्यवस्थाः

क) १० वटा सम्म टोल स्तरीय बालक्लब भएका वडामा ९ सदस्यीय वडा स्तरीय बालक्लब सञ्जाल गठन हुनेछ, जसमा ४ जना टोल स्तरीय बालक्लबबाट, ३ जना विद्यालय स्तरीय बालक्लब बाट र २ जना श्रमिक बालक्लब बाट सदस्यहरु छनौट हुनेछन् । यसरी सदस्यहरु छनौट गर्ने बालक्लबहरुबाट संख्याको आधारमा सदस्य संख्या फरक पर्न सक्नेछ । विद्यालय र श्रमिक

बालक्लबबाट कम्तिमा एक एक जना र टोल बालक्लब बाट कम्तिमा २ जना बालिका अनिवार्य रुपमा छनौट भएको हुनुपर्नेछ ।

ख) ११ देखि २० वटा सम्म टोल स्तरीय बालक्लबभएको वडामा ११ सदस्यीय वडा बालक्लब सञ्जाल गठन हुनेछ, जसमा ३ जना विद्यालयबाट, ३ जना श्रमिक बालक्लबबाट र ५ जना टोल स्तरीय बालक्लबबाट सदस्य रहने छन् ।अन्य व्यवस्था माथि क मा उल्लेख गरिए बमोजिम नै हुनेछ ।

ग) यदि कुनै वडाको बालक्लब कार्यसमितिमा उपरोक्त बमोजिम विद्यालयको तर्फबाट तोकिएको संख्यामा बालक्लबको संख्यामा प्रतिनिधित्व हुन नसकेको खण्डमा घटि भएको सदस्य टोल बालक्लबबाट थप गर्न सकिनेछ ।

## २.१४. गाउँपालिका स्तरीय बाल परिषद र प्रतिनिधि एवम् पर्यवेक्षक सम्बन्धी व्यवस्थाः

क) गाउँपालिका स्तरीय बाल परिषद्मा प्रत्येक वडा स्तरीय बाल सञ्जालका निर्धारित संख्यामा प्रतिनिधिहरुको सहभागिता रहनेछ । गाउँपालिका स्तरीय बाल परिषद् आयोजना गर्ने मिति भन्दा कम्तिमा २ महिना अघि नै टोल तथा विद्यालय स्तरीय बालक्लब तथा वडा बालक्लब सञ्जालको निर्वाचनकार्य सम्पन्न हुनुपर्नेछ । यस गाउँपरिषदले गाउँ बालसञ्जाल गठनको साथै आफ्ना योजनाहरु समेत बनाउने छ । गाउँपालिकामा योजना प्रस्तुत गर्नु अघि बालक्लब सञ्जालले बालभेला वा परिषद् बोलाउनु पर्नेछ । गाउँ बाल परिषद्ले आफ्ना मातहत वडा सञ्जालहरुबाट आएका योजनाहरु उपर छलफल गरी प्राथमिकता तोक्नेछ र सोही आधारमा योजनाहरुको अन्तिम सूची बनाउनेछ ।

योजना तर्जुमाको लागि आयोजित गाउँपालिका स्तरीय बाल परिषदमा पालिकास्तरीय बालक्लब सञ्जालका पदाधिकारी, सदस्यहरु तथा सल्लाहकार समितिका सदस्यहरुका साथ कम्तीमा प्रत्येक वडा बालक्लब सञ्जालका अध्यक्षवा एक जना प्रतिनिधिले भाग लिन पाउनेछन् ।

ख) बालक्लब सम्मिलित वडा स्तरीय बालक्लब सञ्जालले आफ्नो कार्य समितिबाट पालिका स्तरीय बालभेलाको लागि निम्न बमोजिम प्रतिनिधि एवं पर्यबेक्षक छनौट गर्नेछन्ः प्रत्येक वडा बालक्लब सञ्जाल कार्यसमितिबाट ३ जना प्रतिनिधि छनौट हुनेछन्, जसमा कम्तिमा १ जना

बालक र १ जना बालिका हुनुपर्नेछ । साथै उक्त २ जना मध्ये विद्यालय, टोल र श्रमिक बालक्लबको तर्फबाट १,१ जनाको प्रतिनिधित्व हुनुपर्नेछ ।
यदि कुनै वडाको कार्यसमितिमा श्रमिक बालक्लब तथा विद्यालयको प्रतिनिधित्व हुननसकेमा वा गाउँपालिका प्रतिनिधिमा उम्मेदवारी नदिएमा टोल बालक्लबबाट थप १ जनाप्रतिनिधि छनौट हुनेछ ।उपरोक्त अवस्थाबाहेक विशेष र प्रतिनिधित्व हुन नसकेको क्षेत्र, वा लिङ्ग तथा समुदायबाट थप ३ जना प्रथम पटक परिषदले र त्यसपछि नगर सञ्जालले मनोनित गर्नेछ ।

ग)प्रथम पटकको नगर बालभेला वा परिषद्मा यसको व्यापकताका लागि निम्नानुसारका पर्यवेक्षक समेत हुनेछन्ः ९ सदस्य रहने वडा स्तरीय बालक्लब सञ्जालले समितिका सदस्यहरुमध्येबाट २ जना (१ बालक र १ बालिका) प्रतिनिधि छनौट गरी पठाउनेछन् ।११ सदस्य रहने वडा स्तरीय बालक्लब सञ्जालले समितिका सदस्यहरु मध्येबाट ३ जना (कम्तीमा १, १ जना बालक र बालिका पर्ने गरी) प्रतिनिधि छनौट गरी पठाउनेछन् ।विद्यालयको प्रतिनिधित्व हुन नसकेको वडाबाट टोल वा श्रमिक बालक्लबबाट थप प्रतिनिधित्व गर्न सकिनेछ ।प्रर्यवेक्षकहरुको मताधिकार भने रहनेछैन ।

## २.१५.गाउँपालिका स्तरीय बालक्लब सञ्जाल कार्यसमिति सम्बन्धी व्यवस्थाः

क) गाउँ प्रतिनिधिहरुको सहभागिता भएको भेलाले गाउँपालिका स्तरीय बालक्लब सञ्जाल गठन गर्नेछ ।
ख) गाउँपालिका स्तरीय बालक्लब सञ्जाल बढिमा २९ सदस्यीय रहने छ ।
ग) गाउँपालिका स्तरीय बालक्लब सञ्जालमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १ र सहसचिव २ तथा बाँकी सबै वडाहरुबाट छानिएर आएका १ जना वालिका सहित २ जना प्रतिनिधि पर्ने गरी सदस्यहरु निर्वाचित पदाधिकारिको रुपमा छनौट हुनेछन्
घ) अध्यक्ष, उपाध्यक्ष, सचिव र सहसचिवको निर्वाचन मताधिकार प्राप्त सबै वडाका प्रतिनिधि सदस्यहरुबाट गरिनेछ ।

च) सदस्यहरुको निर्वाचन प्रत्येक वडाका प्रतिनिधिहरु मध्येबाट सम्बन्धित वडाका मतदाताबाट मात्र हुनेछ ।

२.१५.१. बालक्लब सञ्जालदर्ता सम्बन्धीव्यवस्थाः

बालक्लब दर्ता सम्बन्धी व्यवस्था अनुसारनै बालक्लब सञ्जाल दर्ता गरिने छ ।

२.१६. निर्वाचन सम्बन्धी व्यवस्थाः

बालक्लब सञ्जालको निर्वाचन प्रक्रिया र पद्धति बालक्लब गठन तथा निर्वाचनको प्रकृया र पद्धति बमोजिमनै हुनेछ ।

नोट :एक कार्यकाल अध्यक्ष, उपाध्यक्ष, सचिव वा सहसचिव भई काम गरेको बालकवाबालिकाले सोही पदमा पुनःउम्मेदवारी दिन तथा निर्वाचित हुन पाउने छैन ।

२.१६.१.निर्वाचन समितिले निम्नानुसारको प्रक्रिया अपनाउने छः

क) निर्वाचन कार्यक्रम, निर्वाचन हुने स्थान, समय तालिका र विधि सार्वजनिक गर्ने सर्वजनिक बदाको दिन आयोजना गर्ने,

ख) मतदाता संख्या कति छ र उम्मेदवार कुनकुन क्षेत्रबाट कस्ता कस्ता व्यक्ति हुन सक्नेछन् भनि आधारहरु तयार गरी भेलाबाट छलफलपछि पारित गराउने,

ग) निर्वाचन हुने पदहरु र समावेशीका आधारहरु भेलामा प्रस्तुत गरी पारित गराउने,

घ) सञ्जालको पदाधिकारी बन्नको लागि आफू उम्मेदवार बन्न चाहेको पद उल्लेख गरी निर्वाचन समिति समक्ष बालबालिकाहरुले उम्मेदारी दिनुपर्नेछ ।

ङ) निर्वाचन समितिले सञ्जालको कुनै पनि पदका लागि उम्मेदवार बनेका बालप्रतिनिधिले इच्छाएको पद र त्यसमा उम्मेदार बनेका बालबाललिकाको नाम सूची तयार गरी सार्वजनिक गर्नुपर्नेछ । यस्ता सूचीपत्रहरु मतदाताको संख्या हेरी आवस्यक संख्यामा तयार गर्नुपर्नेछ ।

च) उम्मेदवार बालप्रतिनिधिलाई आफूले कुन पदका लागि उम्मेदारी दिएको र त्यसमा आफू उम्मेदार बन्न उपयूक्त रहेको तर्क गर्दै आफ्नो विचार सबै सामु राख्ने अवसर प्रदान गर्ने ।

छ) त्यसपछि उम्मेदारको नाम र पद सहितको सुचिपत्र दिएर बालप्रतिनिधिलाई गोप्य स्थान वा कोठामा गई आफूले ईच्छाएको उम्मेदारको नामको संकेतमा कलमले ठीक() चिन्ह संकेत गर्न लगाउने ।

ज) सबै मतदाताले पालैपालो आफ्नो मत दिईसकेपछि कुन–कुन उम्मेदवारका पक्षमा कति–कति मत पर्‍यो भनी निर्वाचन समितिले गणना गनुपर्दछ ।

झ) मत गणना गरिसकेपछि सबै प्रतिनिधिहरुलाई एक ठाउमा भेला गरेर पराजित उम्मेदारलाई सान्त्वना दिदै मत परिणाम सुनाउने ।

ञ) नव निर्वाचित कार्य समितिलाई अबिर, टीका लगाई बधाई तथा शुभकामना दिने ।

ट) निर्वाचन समितिले बाल प्रतिनिधिहरुको उपस्थितिमा नवनिर्वाचित कार्य समितिलाई शपथ गराउने ।

ठ)नवनिर्वाचित कार्य समिति लाई निवर्तमान अध्यक्ष र अन्य उपस्थित केही बाल प्रतिनिधिहरुबाट कार्यकालको सफलताको शुभकामना मन्तव्य दिन लगाउने । यसबाट नयाँ र पुरानो कार्य समिति, विजयी र पराजित बालप्रतिनिधि बीच सद्भाव र मित्रता कायम राख्न मद्दत पुग्नेछ तथा निर्वाचन परिणामलाई सहज रुपमा स्वीकार्ने बानीको पनि विकास हुने गर्दछ ।

ड) शपथ ग्रहणपछि नवनिर्वाचित कार्यसमितिको अध्यक्षलाई कार्यसमितिको तर्फबाट आगामी २ वर्षको लागि आफूले पाएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने र सबै साथीहरुको भावना बुझेर काम गर्ने प्रतिबद्धता मन्तव्य व्यक्त गर्न लगाउने ।

ढ) निर्वाचन समितिले ताकिएको जिम्मेवारी पूरा गरेर सहयोग गर्ने सबै धन्यवाद दिँदै बालक्लब सञ्जालको माइन्यूट र अन्य सामग्रीहरु नयाँ अध्यक्षलाई हस्तान्तरण गर्दै भेला सम्पन्न भएको घोषणा गर्ने ।

# परिच्छेद ३

# बालक्लब र बालक्लब सञ्जालको कार्यहरु

## ३.१.बालक्लबले गर्ने कार्यहरु

बालबालिकाको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा सहयोग पुर्‍याउनका लागि उनिहरु आफैले बालक्लबहरु मार्फत निम्नानुसारका कार्यहरु गर्नेछन्:

क) बालक्लबको सदस्यता वितरण गर्ने

ख) कार्यसमिति चयन गर्ने

ग) वार्षिक कार्ययोजना निर्माण गर्ने

घ) कार्ययोजना बमोजिम सञ्जालको कार्यक्षेत्र भित्र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्तै चेतनामूलक कार्यक्रमहरू लैंगिक विभेद, सरसफाई, बालबालिका उपरको दुव्र्यवहार र दण्ड सजाय, बालविवाह, कुटपिट, आदिका विरुद्धका अभियानहरू, सडक नाटक, दोहोरी गीत, लोकगीत, प्रवचन, सार्वजनिक सुनुवाई, निबन्ध, ¥याली, अन्तक्रिया आदिकार्यक्रमहरू ।प्रतियोगितात्मक कार्यक्रमहरू खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकलाआदि ।सरसफाई कार्यक्रमहरू घरपरिवार, विद्यालय र समुदाय तथा व्यक्तिगत सरसफाईसँग सम्बन्धीत चेतनामूलक अभियानहरू ।विद्यालय भर्ना गर्ने र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने तथा विद्यालय जान उत्प्रेरित गर्ने शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिको आचार संहिता बनाई लागू गर्न र विद्यालय व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व र अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न पहल गर्ने ।

विविध कार्यक्रमहरूः सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयम्सेवक, घरभेट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, द्वन्द्वपीडित, अनाथ, अपाङ्ग र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तर–बालक्लब भ्रमण, अन्तर बालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बाल भित्तेपत्रिका प्रकाशन आदि ।

बालअधिकार प्रबद्नका लागि बालक्लबले निर्णय गरी विद्यालय तथा समुदायको परामर्शमा आवश्यक पर्ने अन्य कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गर्ने ।

## ३ .२ वडा बालक्लब सञ्जालले गर्ने कार्यका केही उदाहरणहरु

क) वडाभित्रका बालक्लबहरुलाई संगठित गरी बालक्लबका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग जुटाउने र समन्वय गर्ने,

ख) वडाभित्रका बालक्लबहरुको गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्दै बालक्लबहरुलाई क्रियाशिलबनाई राख्ने,

ग) बालबालिका माथि हुने सामाजिक दुव्र्यवहार, भेदभाव जस्ता बालअधिकार हनन्का घटनाविरुद्ध आवस्यक पहल र पैरबी गर्ने,

घ) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविबाह, बालमैत्री वातावरण, खुल्ला दिसामुक्त क्षेत्र र विद्यालयमा भयरहित शिक्षण जस्ता अभियानमा बालक्लब सञ्जालको निर्णयबाट सहभागी हुने वा गराउने,
ङ)आफ्नो कार्यक्षेत्रमा बालबालिकाको प्रतिनिधित्व गर्दै स्थानीय निकाय, संघसं उपभोक्ता समिति, विद्यालय तथा अन्य संघसंस्थामा बालबालिकाको मुद्दामा केन्द्रित भएर कार्ययोजना पेस गर्ने, आवाज उठाउने र बाल सरोकार क्षेत्रहरुमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्न प्रयास गर्ने,
च) बालबालिकाका सरोकारका सूचनाहरु संकलन र अभिलेखीकरण गर्ने तथा पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने,

छ) बालक्लब तथा अन्य संघसंस्था बीच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने,

ज) बालबालिकाको बचाउ, संरक्षण, विकास र सहभागिताको अधिकार सुनिश्चित गर्न आवश्यक अन्यकाम गर्ने,

झ) वडामा नयाँ टोल वा विद्यालयमा बालक्लब गठन र संचालनमा सहयोग गर्ने,

ञ) निकृष्ट प्रकारको बालश्रमको अन्त्य गर्ने कार्य तथा अभियानमा सहयोग गन

## ३.३. गाउँपालिका स्तरीय बालक्लब सञ्जालका कार्यहरुः

क) बालक्लब सञ्जालका कार्यहरुमा बालक्लब तथा वडा बालक्लब सञ्जालका सबैजसो कार्यहरु रहनेछन् ।
ख) उपरोक्त कार्यहरु बाहेक गाउँपालिकाको गाउँ सभामा प्रतिनिधित्व गर्ने, योजनाहरु तयार गर्ने र पेश गर्ने जस्ता कार्यहरु रहनेछन् ।

ग) स्थानीय स्तरका बालबालिकाहरु सँग सम्बन्धित हरेक क्रियाकलापमा प्रतिनिधित्व एवम् सक्रिय सहभागिता जनाउँदै बालबालिकाका क्षेत्रमा भए गरेका कामहरुको अवलोकन, अनुगमन, समीक्षा, विश्लेषण र कार्ययोजना समेत तयार गर्ने ।

घ) बालबालिकासँग सरोकार राख्ने संवेदनशील विषयहरुमा सम्बन्धित सरोकारवालाहरुलाई ध्यानाकर्षण गराउने आदि ।

### ३.५. बालक्लब र बालक्लब सञ्जालका सरोकारवालहरुः

बालक्लबलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पु¥याउने निकाय तथा व्यक्तिहरु नै बालक्लब तथा बालक्लब सञ्जालका सरोकारवालाहरु हुन् । सञ्जालले कुन सरोकारवालाले बालक्लब र सञ्जालको लागि के सहयोग पु¥याउन सक्दछ भन्ने कुरा विचार गरी सञ्जालको र सञ्जाल अन्तर्गत रहेका क्लबहरुको काममा सहयोग पु¥याउन आवश्यक समन्वय र सहकार्यको वातावरण मिलाउनु पर्दछ । उदाहरणका लागि बालक्लब तथा बालक्लब सञ्जालका केही सरोकारवालहरु निम्नानुसार हुनेछन्ः

क) गाउँपालिका
ख) विद्यालय र शिक्षकहरु
ग) समुदाय र छरछिमेकहरु
घ) आमा समूहहरु
ङ) स्वास्थ्य स्वमय्सेविकाहरु
च) गैर सरकारी संघसंस्थाहरु
छ) उद्योग र व्यापार संघ
ज) सामुदायिक वन उपभोक्ता समूह
झ) प्रहरी चौकी
ञ) स्थानीय यूवा सहजकर्ताहरु,
ट) स्वास्थ्य चौकी आदि ।

## परिच्छेद ४
## बालक्लब तथा बालक्लब सञ्जालको आचारसंहिता सम्बन्धी व्यवस्था

### ४.१. बालक्लब र बालक्लब सञ्जालको आचार संहिता

बालक्लब र बालक्लब सञ्जालको आफ्नै आचारसंहिता हुनेछ । यस्तो आचारसंहिता निम्न मूल्यमान्यताका आधारमा गाउँपालिका स्तरीय बाल सञ्जालको भेलाले पारित गरी लागू गर्न सक्नेछः

क) सकेसम्म आफ्नो काम आफै गर्ने,
ख) बालक्लबको जिम्मेवारी पूरा गरिरहँदा कसैप्रति पक्षपात नगर्ने,

ग) सबैसँग साथी सम्बन्ध र मित्रता राखेर काम गर्ने प्रयास गर्ने,

घ) साथीहरुसंग कुरा नलुकाउने तथा सबैसंग खुला र स्पष्ट ब्यवहार गर्ने,

ङ) आफ्नो क्षमता विकास गर्न आफै अगाडि बढ्ने र सक्ने जति जिम्मेवारी लिने

च) बालअधिकारको कुरा सिकाउन र प्राप्त गर्न सधैं सचेत, सजग र सक्रियहुन

छ) सरल जीवन उच्च विचार राख्ने,

झ) जाति, लिङ्ग, अपाङ्गता, आर्थिक सामाजिक स्तर, धर्म र संस्कृतिको आधारमा भेदभाव नगर्ने,

ञ) कमीकमजोरी लाई सुधार गरी त्यसबाट सिक्न प्रयत्न गर्ने,

ट) कठिन अवस्थामा बालबालिका प्रति विशेष व्यवहार र सहयोग गर्ने,

ठ) ठूलाप्रति आदर गर्ने र सानालाई माया गर्ने,

ड) अनुशासित र अध्ययनशिल हुने,

ढ) कुरीति, कुसंस्कार र अन्धविश्वासको पछि नलाग्ने,

ण) आफूलाई जायज लागेको विचार प्रष्ट रुपमा राख्ने,

त) झुठो नबोल्ने,

## परिच्छेद ५

### प्रतिनिधित्व सम्बन्धी व्यवस्था

५.१. टोल संगठनमा प्रतिनिधित्वः

क) टोलस्तरीय बालक्लबले स्थानीय टोल संगठनका बैठकहरुमा प्रतिनिधित्व गर्न सक्नेछन् । यसरी प्रतिनिधित्व गर्दा १ जना बालक वा बालिकाले पालो मिलाएर बैठकमा सहभागी हुनुपर्नेछ ।

ख) बैठकमा भएका निर्णयहरु बालक्लबमा जानकारी गराउनु पर्नेछ ।

ग) टोल संगठनको बैठक अघि बालक्लबका पदाधिकारीहरु बीच आपसमा छलफल गरी बैठकमा लैजाने विषयहरु भए तयारी गर्नुपर्नेछ ।

५.२) वडा समितिको बैठकमा प्रतिनिधित्व बालकः वाबालिका एक जनाको पालो अनुसार प्रतिनिधित्व रहनेछ ।

५.३. वडास्तरीय टोल संगठन वडा समन्वय समिति तथा बालमैत्री समितिहरुमा प्रतिनिधित्वःनिर्धारित संख्यामा वडा बालक्लब सञ्जालबाट प्रतिनिधित्व रहनेछ ।

५.४ गाउँपालिका स्तरीय टोल संगठन गाउँ समन्वय समिति तथा बालमैत्री समितिमा प्रतिनिधित्वः समितिले निर्धारण गरेको संख्यामा प्रतिनिधित्व रहनेछ ।

५.५ नगर सभा बैठकमा प्रतिनिधित्व गाउँपालिकाकोःप्रत्येक नगर सभामा (बालबालिकाका सँग सरोकार राख्ने सवालका बैठकमा मात्र) नगर स्तरीय बालक्लब सञ्जालबाट ५ जना बालबालिकाहरुको प्रतिनिधित्व रहनेछ ।

५.६. गाउँकार्यपालिकामा प्रतिनिधित्व बालबालिकाः सम्बन्धी विषयमा निर्णय गर्नुपर्ने अवस्थामा नगरस्तरीय बालक्लब सञ्जालको ३ जना पदाधिकारीहरुको प्रतिनिधित्व रहनेछ ।

५.७. अन्य संघ संस्थाहरुमा प्रतिनिधित्व विभिन्नः सरोकारवाला संस्थाहरुले सहभागिताको लागि आमन्त्रण गरेको स्थानमा फरक–फरक संस्थामा फरक फरक पदाधिकारीहरुको प्रतिनिधित्व रहने अवस्था मिलाउनु पर्नेछ । कुनै एक संस्थामा प्रतिनिधित्व गर्ने बालक्लबको प्रतिनिधिले सकेसम्म नियमित प्रतिनिधि गर्नु उपयुक्त हुन्छ । साथै बालकवाबालिकाको समान सहभागिता हुने तर्फ ध्यान दिनुपर्नेछ । यो कुरा माथिका सबै निकायहरुको प्रतिनिधित्वमा लागू गर्न सकिने छ ।

## परिच्छेद ६

## बालक्लब/बालक्लब सञ्जालको कार्य तथा कार्यक्रम सञ्चालन सम्बन्धी विशेष व्यवस्था

बालक्लब, वडा तथा गाउँपालिका स्तरीय बालक्लब सञ्जालले सञ्चालन गर्ने काम तथा कार्यक्रमहरु देहायबमोजिम हुनुपर्नेछः

क) बालअधिकार संरक्षण र सम्बर्द्धनमा आधारित हुनुपर्नेछ ।

ख) बालबालिका संग सम्बन्धीत कार्यक्रमको छनौट तथा सञ्चालन व्यवस्थापन गर्दा सकेसम्म सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता र समन्वयमा सञ्चालन गर्नुपर्नेछ ।

ग) कुनै एक अधिकारको प्रयोग वा उपयोग गर्दा अरुको अधिकारको हनन् दिनु हुँदैन ।

घ) सबै सरोकारवालाहरुलाई आफ्नो मित्र र सहयोगीको रुपमा लिई आफ्ना क्रियाकलापहरु सञ्चालन गर्नु पर्नेछ ।

आफ्नो अधीकारको प्रयोग गर्दा बालअधिकार हनन् संग आधारित वा सञ्चालन हुने वा गरिने कार्यहरु साथै समाजमा सामाजिक सदभाव भड्काउने, सामाजिक विकृतिको विकास गर्ने, कुसंस्कार र कुरीतिलाई बढावा दिने, सामाजिक वातावरणलाई धमिल्याउने, वातावरण दुषित बनाउने, शैक्षिक वातावरण खलबल्याउने जस्ता कुनै पनि ब्यक्तिगत तथा सामूहिक क्रियाकलापहरु गर्ने व्यक्ति वा संस्थाको अधिकारका रुपमा स्वीकार्य हुनेछैन ।

# <u>अनुसुचीहरु</u>

## (बाल क्लव/सञ्जालको विवरण)

## अनुसुची १

१. बाल क्लव, बाल क्लव संजालको परिचयः

- बाल क्लब/संजालकोको नाम र ठेगना
- सुचिकरण नम्बर
- बाल क्लव, संजालको उद्देश्य
- जम्मा सदस्य संख्याः   बालकः    बालिकाः    अन्यः

२. बाल क्लब/संजाल संगठनः

- सदस्य बन्ने तरिका
- नेतृत्व चयन गर्ने तरिका
- विघटन हुने अवस्था
- सदस्य बन्न नपाउने व्यक्तिहरु
- नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरु

३. बाल क्लव, संजालका सदस्यले पालन गर्नुपर्ने नियमहरु

- सदस्य भइसकेपछि पालना गर्नुपर्ने नियमहरु
- नेतृत्वमा निर्वाचित भएपछि पालना गर्नुपर्ने नियमहरु
- बैठकमा पालना गर्नुपर्ने नियमहरु
- अन्य बाल क्लबका सदस्य, बालबालिका तथा निकायसंग गर्नुपर्ने व्यवहार सम्बन्धि नियमहरु

४. बाल क्लव, सञ्जालको आर्थिक श्रोत सङ्कलन

## अनुसुची २

बाल क्लव, संजालका लागि आवश्यक आधारभूत सामाग्रीहरुः

१. बाल क्लव, संजालकको सामाग्री राख्नका लागि वाकस वा दराज

२. माईन्युट कपी( निर्णय पुस्तिका)

३. कार्यक्रम विवरण लेख्ने कपी

४. बाल क्लव संजालको नियम

५. बाल क्लव, संचालका अध्ययन सामाग्री

६. बाल क्लव, संचालको आम्दानी र खर्च लेख्ने लेखा कापी( आय-व्यय पुस्तिका)

७. कापी कलम

८. आवश्यकता अनुसार, खेल शैक्षिक तथा मनोरञ्जनमुलक सामाग्रीहरु

## अनुसुची ३

(बाल क्लव, संजालको वार्षिक कार्ययोजनाको नमुना फारम)

बाल क्लव, संजालको नामः	ठेगना

सहजकर्ताको नाम र सम्पर्क नंः	सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं.............	आर्थिक वर्षः

| क्र.स | कार्यक्रम नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेरी निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची ४

(बाल क्लव, संजालको वार्षिक कार्य प्रगती विवरणको नमुना फारम)

बाल क्लव, संजालको नामः	ठेगना

सहजकर्ताको नाम र सम्पर्क नंः	सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सुचिकरण नं.............	आर्थिक वर्षः

| क्र.स | सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | सम्पन्न मिती | खर्च भएको रकम र स्रोत | सहभागी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म | पु | ज |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची ४

## (मान्युट लेखनको नमूना)

आजमिति.....................साल.............महिना......................गते........................का दिन श्री...........................बालक्लबका अध्यक्ष श्री........................................को अध्यक्षतामा ........................मा बसेको बैठकले निम्न व्यक्तिहरूको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरूमा छलफल गरी निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | ......... ......... | ......... | |
| २) | ......... .......... . | ........ | |
| ३) | ......... .......... | ......... | |
| ४) | ......... ......... | ......... | |
| ५) | ......... ......... | ......... | |
| ६) | ........ ......... | ......... | |
| ७) | ........ ......... | ......... | |

प्रस्तावहरू :

१).....

२)......

३) विविध निर्णयहरू:

१)

२)

३)

नोट: निर्णय गरिसकेपछि बैठकमा सहभागी सबैलाई निर्णय सुनाउनु पर्दछ सबै बाट पारित भएपछि बालक्लबका मुख्य पदाधिकारीहरूले निर्णयको पुछारमा हस्ताक्षर गर्नुपर्दछ ।

## अनुसूची ५
## (बालक्लबमा सदस्य हुन चाहनेले भर्ने फारमको नमूना)

**१ . व्यक्तिगत विवरणः**

नाम: लिङ्ग: 

फोटो

जन्ममितिः बर्षः

ठेगानाः सम्पर्क नंः

विद्यालयको नामः कक्षा रोल नं :

**२ . पारिवारिक विवरण :**

आमाबाबुको नामः पेशाः

सम्पर्क ठेगानाः

**३. बालक्लबमा आबद्ध हुन चाहनुको कारणः**

म यस बालक्लबको सेवा क्षेत्र भित्रको व्यक्ति हुँ । मलाई बालक्लबले सञ्चालन गरेका क्रियाकलापहरू धेरै मन पर्छ । म पनि बालक्लबमा आबद्ध भई बालक्लबले सञ्चालन गरेका हरेक क्रियाकलापमा सहभागी हुने र समुदायमा आफ्नो पहिचान बनाउन चाहन्छु । मलाई यस क्लबको सदस्यता प्रदान गरी बालक्लबको उद्देश्य, मूल्यमान्यता र आदर्श अनुसार अगाडि बढ्ने मौका प्रदान गर्न अनुरोध गर्दछु ।

निवेदकको हस्ताक्षरः सहमति दिने अभिभावकको हस्ताक्षरः

नामः

## अनुसूची ६

## (नवनिर्वाचित पदाधिकारीका लागि शपथ)

बालक्लब सञ्जाल तथा बालक्लबका नवनिर्वाचित कार्यसमितिका सबै पदाधिकारी तथा सदस्यहरूले शिक्षक, बालक्लब सहजकर्ता र बालक्लब वा सञ्जालका सदस्यहरू माझ तपशील बमोजिमको शपथ ग्रहण गर्नु पर्दछ ।

म................................ आजदेखि ......................बालक्लब, सञ्जालको...............पदमा चयन भएकाले बालक्लब सञ्जाल, क्लबको मूल्यमान्यता एवं आचारसंहिता पालन गरी उद्देश्य पूरा गर्नको लागि सक्रिय रहने छु । बालअधिकार प्रवर्द्दनको लागि बाल सहभागिता भन्ने मान्यता अनुसार आफू सक्षम भई समुदायमा रहेका विभिन्न परिस्थितिको बालबालिकाको सहयोगको गर्नुको साथै समुदायमा बालअधिकार प्रवद्र्धनको लागि सदा क्रियशील रहनेछु । आफूलाई लागू पदार्थ दुव्र्यसनबाट मुक्त राखी, बालश्रम शोषण तथा बालबालिका माथि हुने सबै खाले हिंसा र दुव्र्यवहार अन्त्यका साथै लिङ्गीय, जातीय, अपाङ्गता, धर्म संस्कृति, विचार र सामाजिक आर्थिक स्तरको आधारमा गरिने विभेद र कुरीती अन्त्यको निम्ति बालअधिकार प्रवद्र्धन र सामाजिक परिर्वतनको दिशामा सदा अगाडि बढ्ने प्रण गर्दछु ।

हस्ताक्षर..............

मिति.........                                        स्थान.............

## अनुसुची ७
## (आवद्दता सम्बन्धी निवेदन पत्रको नमुना ढाँचा)

श्री महिला तथा बालबालिका विकास शाखा
अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यलय, भच्चेक,

विषयः बाल क्लव/संजाल सूचिकृत गरिपाउँ भन्ने सम्बन्धमा ।

महोदय,

हामिले...................... बाल क्लव, संजाल नामले बालक्लव खोल्न चाहेकाले बालक्लव/संजाल गठन तथा सहजिकरण निर्देशीका,२०७९ बमोजिम सुचिकृत गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेको छौ। निर्देशिकाको अनुसुची ४ बमोजिम बैठकको निर्णय प्रतिलिपि, बालक्लव/संजालका पदाधीकारीहरुको जन्मदर्ताको प्रमाण-पत्रका प्रतिलिपिहरु यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेका छौ।

विवरणः

बाल क्लबको, संचालको नामः ठेगनाः

सहजकर्ताको नामः सम्पर्क

सल्लाकारको नामः सम्पर्क नंः

| नाम थर | पद | ठेगना | जन्म मिति | जाति | लिङ्ग | कक्षा | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसुची-८

## (बालक्लव/संजाल आबद्दता प्रमाण-पत्रको नमुना)

## अजिरकोट गाउँपालिका, गाउँकार्यपालिको कार्यालय
## भच्चेक
## गोरखा

आवद्दता प्रमाण पत्र नंः

गोरखा जिल्ला , अजिरकोट गाउँपालिका वडा नं...... मा रहेका अठ्ठार वर्ष मुनिका बालबालिकाको भेलाबाट गठन भएको श्री............................... बाल क्लव/ वडा/गाउँपालिका स्तरीय वाल संजाललाई यस गाउँपालिकामा अबद्दता गराइएको जानकारी गराईन्छ।
यहाँहरुको बालक्लव/संजालले सबै बालबालिकालाई बालमैत्री वातावरणमा वाल अधिकारका सम्पुर्ण आधारभुत हक अधीकार प्रत्याभुति गर्नको लागि सत्रिय सहयोग गर्ने छ भन्ने विश्वास लिइएको छ।

...........................                                        .......................

पेश गर्ने                                        प्रमाणी गर्ने
महिला बालबालिका विकास शाखा प्रमुख

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत